परेको यर्थाथलाई मध्यनजर गर्दै गाउँपालिकाको गाउँसभाबाट बिनियोजित बजेट अनुदान वितरण यकिन गर्नका लागी देहायका आधारहरु अपाईनेछ:

क) कक्षा ९– १२ संचालन भएका बिध्यालयहरुमा उच्च मा.बि.मा अनुदान बाहेकका कम्तीमा ३ जना शिक्षकहरु रहने । ख) प्रदेश अनुदान र संघिय शिक्षण अनुदान कोटालाई पनि तहगत शिक्षक दरबन्दीमा गणना गरिने छ ।

ग) मा.बि.लाइ् अनुदानमा बिशेष प्राथमिकता दिईने छ ।

घ) कक्षा ६ –८ सम्म संचालन भएका आ.बि. हरुमा कम्तिमा ३ शिक्षकहरु रहने , कक्षा १ – ५ सम्म संचालन भएका आ.बि.हरुमा कम्तिमा ३ शिक्षकहरु रहने र प्रारम्भिक बाल बिकास कक्षामा १ शिक्षक रहने ।

ङ) अनुदान रकम उपलब्ध गराउदा संघिय अनुदान बराबर हुने गरि तलब भत्ता लगायतको सुबिधा उपलब्ध गराईने छ ।

च) खण्ड (ङ) बमोजिमको रकम उपलब्ध गराउदाँ बाकी हुन आएको रकम गाउा शिक्षा समिति तथा गाउँ कार्यपालिककाको बैठकले निर्णय गरे अनुसारको रकम बिध्यालयलाई उपलब्ध गराउने छ ।

५) न्यूनतम शिक्षक दरबन्दी भएको बिध्यालयमा प्राथमिकताको आधारमा क्रमशः शिक्षक ब्यवस्थापन गरिनेछ ।

## परिच्छेद ८
## विविध

**१३.** यसकार्यबिधिमा उल्लेख भएका कुरा यसै बमोजिम हुने र यो कार्यबिधि जारी हुनु पूर्वमा सामुदायिक बिध्यामा प्रचलित कानून बमोजिम नियुक्त निजि स्रोत शिक्षक यसै बमोजिम भएको मानिने छ ।

**१४. बाझिएमा अमान्य हुने :** यस कार्यबिधिको कुनै ब्यवस्था प्रचलित कानून सँग बाझिएमा बाझिएको हदसम्म मान्य हुने छैन ।

**१५. बाधा फुकाउने अधिकारः** यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा ब्यवधान आईपरेमा गाउँ कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार हुनेछ ।

**१६. संशोधन र खारेजीः** यस कार्यबिधिलाई गाउँ कार्यपालिकाले आवश्यक प्रक्रिया पूरा संशोधन वा खारेजी गर्न सक्नेछ ।

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०८/१५

आज्ञाले
पदम राज जोशी
प्रमुख प्रशासकीय अधिकृत






# बेलडाँडी गाउँपालिकाबाट प्रकाशित

**खण्डः ६ संख्याः ४० मितिः २०७९/१२/१४**

**बेलडाँडी, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल**


## भाग ३

स्थानीय सरकार

## निजि स्रोत शिक्षक ब्यवस्थापन कार्यबिधि,२०७९

प्रस्तावनाः यस बेलडाडी गाउँपालिका भित्रका सामुदायिक बिद्यालयहरुमा बिद्यार्थी संख्या र अध्यापन गर्नु पर्ने बिषयका आधारमा शिक्षक दरबन्दी न्यून भई लामो समय देखि पठनपाठनमा समस्या भएको कुरा बिद्यालयबाट पटक पटक आउने गरेको र सो समस्या समाधान गर्न गाउँ शिक्षा समितिले उपलब्ध गराएको तथ्याङ्को आधारमा गाउँपालिका भित्रका बिद्यालयमा नियुक्त निजि स्रोत शिक्षक ब्यवस्थापन प्रक्रियालाई ब्यवस्थित एवम मर्यादित बनाई गुणस्तरिय शिक्षाको प्रत्याभूत गराउन वान्छनिय भएकोले बेलडाडी गाउँपालिकाको प्रशासकीय कार्यबिधि(नियमित गर्ने) ऐन,२०७४ को दफा ४

ले दिएको अधिकार प्रयोग गरि गाउँकार्यपालिकाले यो कार्यबिधि स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिकः

**१. संक्षिप्त नाम र प्रारम्भः**

१ यस कार्यबिधिको नाम “निजि स्रोत शिषक व्यवस्थापन कार्यबिधि,२०७९” रहेको छ ।

२.यो कार्यबिधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

३. परिभाषः बिषय वा प्रसंगले अर्का अर्थ नलागेमा यस कार्यबिधिमा :

क) “ऐन” भन्नाले स्थानि सरकार संचालन ऐन,२०७४ सम्झनु पर्छ ।

ख) “बिध्यालय” भन्नाले नेपाल सरकारको संघिय शिक्षा ऐन, नियमावलीको आधारमा स्थापित प्रारम्भिक बालबिकास केन्द्र देखि कक्षा १२ सम्म अध्ययन अध्यापन गराईने शैक्षिक संस्थालाई बुझाउँछ ।

ग) “गाउँसभा” भन्नाले बेलडाडी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

घ) “कार्यपालिका” भन्नाले बेलडाडी गाउँपालिकाको गाउँकार्यपालिकालाइ सम्झनु पर्छ ।

ङ) “शिक्षा समिति” भन्नाले बेलडाडी गाउँपालिकाको शिक्षा समितिलाई सम्झनुपर्छ।

च) “शिक्षा शाखा” भन्नाले बेलडाडी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद बिकास शाखालाई सम्झनु पर्छ ।

छ) “वडा समिति” भन्नाले बेलडाडी गाउँपालिकाका अन्तर्गत वडाहरुको समिति सम्झनु पर्छ ।

ज) “अनुदान” भन्नाले गाउँपालिका भित्र संचालित विद्यालयहरु मध्ये कम शिक्षक भएका बिध्यायहरुलाई गाउँपालिकाबाट उपलब्ध बिध्यालयको संचालन ,व्यवस्थापन, शिक्षक तलब भत्ता, भौतिक व्यवस्थापन मर्मत संम्भार, फर्निचर,शैक्षिक सामाग्री, छात्रवृति तथा शैक्षिक गुणस्तरका लागी उपलब्ध श्रोत साधनका अधारमा गाउँपालिकाको क्षेत्रभित्रका सामुदायिक बिद्यालयहरु लाई नियमित तथा बिशेष अनुदान सम्झनुपर्छ ।

## परिच्छेद २
## निजि स्रोत शिक्षक सम्बन्धी व्यवस्था

**३. निजि स्रोत शिक्षकको योग्यताः**

क) निजि शिक्षकको योग्यता प्रचलित कानून तथा शिक्षक सेवा आयोग नियमावली बमोजिम हुनेछ । ख) स्थायि अध्यापन अनुमती पत्र नलिई नियुक्त भएका शिक्षकको दायित्व गाउँपालिकाले लिने छैन ।





६. कुनै शिक्षक बिदा नलिई बिध्यालयमा अनुपस्थित उक्त दिनको गयल जनाइ सो दिनको तलब कट्टी गरिनेछ ।

७. बिदा सहुलियत मात्र हुनेः बिदा अधिकारको कुरा नभएर सहुलियत मात्र हो ।

८. काज तथा दैनिक भ्रमण भत्ताः बिध्यालयको कामको सिलसिलामा बिध्यालय बाहिर बस्नु पर्ने गरि खटिईने शिक्षक बिध्यालयको नियमानुसार काज पाउने छ । यसरी काजमा खटिएको शिक्षक बिध्यालयको कोषबाट नियमानुसार दैनिक भ्रमण भत्ता रकम पाउन सक्ने छ ।

९. सरुवा सम्बन्धी व्यवस्थाः गाउपालिकाले आवश्यकताको आधारमा दोहोरो बि.ब्य.स.को समति लिई बिषय र तह मिल्ने भएमा घरपायक हुने गरि सरुवा गर्न सक्ने छ ।

१०. शिक्षण व्यवस्थापन अनुदान बिध्यालय ब्यवस्थापन समितिको निर्णय अनुसार खर्च गर्न सकिनेछ । कुनै शिक्षकको नियुक्ति भएको तहभनदा माथिल्लो तहमा अध्यापन गराई रहेको भए माथिल्लो स्तरमा अध्यापन गराए बाफत थप सुबिधा दिई काममा लगाउन सक्नेछ तर थप सुबिधा सहित माथिललो तहको पारिश्रमिक प्रचलित नियम भनदा बढी दिन पाईने छैन ।

११. दण्ड सजायः दण्ड सजाय तथा अन्य ब्यवस्था प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

## परिच्छेद ७
## बिध्यालयलाई दिईने अनुदान सम्बन्धी ब्यवस्था

**११. बिध्यालयलाई दिईने अनुदान सम्बन्धी ब्यवस्थाः**

१) बिध्यालयहरुमा गाउँपालिका मार्फत देहायका अनुदानहरु उपलब्ध हुनेछनः

क) बिध्यालयको संचालन ,ब्यवस्थापन, शिक्षक तलब भत्ता, भौतिक ब्यवस्थापन मर्मत संम्भार, फर्निचर,शैक्षिक सामाग्री,छचत्रवृति तथा शैक्षिक गुणस्तरका लागी उपलब्ध श्रोत साधनका अधारमा गाउँपालिकाको क्षेत्रभित्रका सामुदायिक बिध्यालयहरुलाई नियमित तथा बिशेष अनुदान ।

ख) बिध्यालयलाई उपलब्ध गराईने अनुदानका श्रोतहरु देहाय बमोजिम रहनेछन :

१) नेपाल सरकारबाट प्राप्त अनुदान

२) प्रदेश सरकारबाट प्राप्त अनुदान

३) गाउँपालिकाको आन्तरिक श्रोत

**१२. अनुदान बितरणका आधारहरुः** गाउँपालिका भित्र संचालनमा रहेका आ.बि. र मा.बि. हरुमा शिक्षक संख्या न्यून भई शैक्षिक गुणस्तरमा असर

ख) बिद्यालयले खण्ड (क) बमोजिम नियुक्त निजि स्रोत शिक्षकको अभिलेख फायल तयार गरि नियुक्त भएको १५ (पन्ध्र) दिन भित्र गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

ग) निजि स्रोत शिक्षक शिक्षण व्यवस्थापन अनुदान रकम तथा अन्य सेवा सर्त सुबिधा गाउँसभा तथा गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

घ) निजि स्रोत शिक्षक शिक्षण व्यवस्थापन अनुदान सम्बन्धी बिध्यालयको खातामा चौमासिक रुपमा निकासा दिईनेछ ।

ङ) कार्यपालिकाले सामुदायिक बिध्यालयहरुलाई निजि स्रोत शिक्षक शिक्षण व्यवस्थापन अनुदान निकासा दिदाँ आफ्नै आम्दानीको स्रोत भएका बिध्यालयलाइ थपघट गर्न सक्नेछ ।

च) कार्यरत बिध्यालयको बि.व्य.स. को सिफारिसमा गाउँ शिक्षा समितिको निर्णय अनुसार एक शैक्षिक सत्र पूरा सेवा गरेका निजि स्रोत शिक्षकको एक पटकमा १ बर्षमा नबढाई सेवा करारको म्याद थप गर्न सक्नेछ ।

ज) जुनसुकै कारण सेवाबाट अलग भए पनि शिक्षकमा कार्यरत हुदाँ अवधीको भुक्तानी पाउन बाकी रहेको तलब भत्ता रकम नियमानुसार उपलब्ध गराईने छ ।

**१०ं बिदा काज तथा सरुवा सम्बन्धी व्यवस्था:**

१) निजि स्रोत शिक्षले पाउने बिदाः बिध्यालयको निजि स्रोतमा नियुक्त शिक्षकले देहाय बोजिमका बिदाको सहुलियत पाउने छः

क) भैपरी आउने बिदा बर्ष भरिमा – ६ दिन

ख) पर्व आउने बिदा बर्ष भरिमा – ६ दिन

ग) बिरामी बिदा बर्ष भरिमा – १२ दिन

घ) सुत्केरी बिदा सुत्केरी अघि पछि – ९८ दिन

ङ) सुत्केरी स्याहार बिदा – १५ दिन

च) क्रिया बिदा – १५ दिन

२) भैपरी र पर्व बिदा आधा दिन पनि लिन सकिने छ ।

३) सुत्केरी बिदा सेवा अवधिमा २ पटक मात्र लिन पाउने छन ।

४. शिक्षक आफै क्रिया बिदा बस्नु परेमा क्रिया बिदा पाउने छ । महिला शिक्षकको पति क्रिया बस्नु परेमा त्यस्तो महिला शिक्षले क्रिया बिदा पाउने छ ।

५. बिदा दिने अधिकारीः निजि स्रोत शिक्षक बिदा प्र.अ. ले स्विकृत गर्नेछ । ७ दिन भन्दा बढी अवधीको बिदा लागी बिदा लिनु परेमा बि.व्य.स.बाट स्विकृत गर्नु पर्ने छ ।





**४.निजि स्रोत शिक्षकको बिज्ञापनः** बिध्यालयले निजि स्रोत शिक्षको पदपूर्ति गर्दा बि.व्य.स. ले माध्यमिक र नि.मा.बि. तहको हकमा अनिवार्यखबिषयहरु ऋग्रेजी, गणित,बिज्ञान,नेपाली र सामाजिक अध्ययन बिषयको पदपूर्ति भए पछि मात्र अन्य ऐच्छिक बिषयहरु र थप अन्य बिषयको तथा प्राथमिक तहको हकमा प्रचलित कानून तथा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यबिधि ,२०७.. बमोजिम शिक्षक बिध्यार्थि अनुपातको आधारमा गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद बिकास शाखाबाट अनुमति लिएर मात्र बिज्ञापन गर्नुपर्ने छ । यसरी अनुमती प्रदान गर्दा बिध्यालयमा सम्बन्धीत तहको बिध्यमान स्वीकृत दरबन्दी,राहत अनुदान,शिक्षण सिकाई अनुदान र निजि स्रोत शिक्षक कोटामा कार्यरत कार्यरत बिषय शिक्षकहरुको गणना गरि निर्धारण गरिनेछ ।

## परिच्छेद ३
## समितिको गठन

**५. निजि स्रोत शिक्षक छनौट समितिः**

१.निजि स्रोत शिक्षक नियुक्तिका लागी सिफारिस गर्न प्रत्येक बिध्यालयमा देहाय बमोजिमको एक निजि स्रोत शिक्षक छनौट समिति रहनेछः

क) बिध्यालय व्यवस्थापन समितिको अध्ययक्ष वा निजले तोकेको समितिको सदस्य - अध्यक्ष

ख) शिक्षा शखाका प्रतिनिधि - सदस्य

ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा सम्बँधित बिषयमा स्नातकोत्तर तह उर्तिण गरेको र अन्य तहका लागि कम्तीमा स्नातक तह उर्तिण गरि सम्बर्नधित तहको १० महिने वा सो सरह तालिम हासिल गरि बिषय बिज्ञमा सूचिकृत ब्यक्तिहरु मध्येबाट दुईजना - सदस्य

घ) सम्बन्धीत बिध्यालयको प्राध्यापक - सदस्य सचिव

२. उपदफा (१) को खण्ड (ग) को प्रयोजनको लागि शिक्षा शाखाले बिषय बिज्ञ सूचि नियमित अध्यावधिक गरि राख्नु पर्ने छ ।

३. उपदफा (१) को खण्ड (ग) को माध्यमिक तहको बिज्ञान ,गणित, अग्रेजी र लेखा बिषयको शिक्षक छनौट प्रयोजनका लागी सम्बन्धीत बिषयमा स्नातकोत्तर तह उर्तिण गरेको ब्यक्ति उपलब्ध हुन नसकेमा स्नातक तह उर्तिण र कम्तीमा २ बर्ष सेवा अवधी पुगेको बिषय बिषय बिज्ञ सदस्यका रुपमा मनोनयन गर्न बाधा पुगेको मानिने छैन ।

४. यस समितिमा आवश्यकता अनुसार सम्बन्धीत बिषयको बिज्ञ वा कर्मचारीलाइ आमन्त्रण गर्न सकिनेछ ।

५. यस गाउँपालिकाको बिज्ञ सूचिबाट कुनै बिषयको बिज्ञ उपलब्ध हुननसकेमा शिक्षा बिास तथा समन्वय ईकाई कंचनपुर वा अन्य स्थानिय तहको बिज्ञ सूचि र अन्य बिषयगत कार्यालयहरुमा कार्यरत बिज्ञ कर्मचारी बिषय बिज्ञका रुपमा मनोनयन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ४
## समितिको काम कर्तब्य र अधिकार

**६. निजि स्रोत शिक्षक छनौट समितिको काम कर्तब्य र अधिकारः समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) यस कार्यबिधि र प्रचलित कानून अनुसार सामुदायिक बिध्यालयका निजि स्रोत शिक्षक छनौट परिक्षा संचालन गर्ने ।

ख) निजि स्रोत शिक्षक नियुक्तिका लागी आवश्यक प्रक्रिया पूरा गरि बिध्यालय ब्यवस्थापन समिति समक्ष सिफारिस गर्ने ।

ग) शिक्षक छनौटका लागी आवश्यक पर्ने प्रशासनिक तथा प्राबिधिक सबै कार्य प्रचलित मापदण्ड पुरा गर्ने ।

घ) समितिको बैठक सम्बन्धी कार्यबिधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ५
## निजि स्रोत शिक्षक छनौट तथा परिक्षा संचालन

**७. निजि स्रोत शिक्षक छनौटः** निजि स्रोत शिक्षकको छनौटको ब्यवस्था देहाय बमोजिम हुनेछः

क) निजि स्रोत शिक्षक छनौट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र बिषयको लागी निर्धारण गरिएको पाठ्यक्रम र परिक्षा प्रणाली बमोजिम गरिनेछ ।

ख) बिध्यालयले कम्तीमा १५ दिनको बिज्ञापन प्रकासित गरि गाउँपालिका,वडा कार्यालय, सम्बन्धीत बिध्यालय र अन्य सार्वजनिक स्थानहरुमा सूचना टास गरि त्यसका भरपर्ा वा मुचुल्का उठाई सुरक्षित राख्नु पर्ने छ ।

ग) उम्मेदवारले बिज्ञापनका सबै प्रक्रिया पुरा गरि तोकेको दस्तुर र आवश्यक कागजात सहित सम्बन्धीत बिध्यालयमा हस्तलिखित निबेदन दिनु पर्नेछ ।

घ) बिध्यालयले तोकिएको समयभित्र परेका निबेदन उपर छानबिन गरि रीत पुगेको उम्मेदवारको सुचि टाँस गर्नु पर्ने छ ।

ङ) शिक्षक छनौट समितिले तोकेको मिति र समयमा कार्यपालिकाको कार्यालय परिसर वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको सुरक्षित स्थानमा परिक्षा संचालन गर्नु पर्ने छ ।





च) लिखित परिक्षाबाट छनौट भएका उम्मेदवारको मात्र अर्न्तवार्ता लिईनेछ ।

छ) आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा पनि लिन सकिनेछ ।

ज) लिखित, अर्न्तवार्ता र प्रयोगात्मक परीक्षामा गरी सबै भन्दा बढी प्राप्ताङ्क भएको उम्मेदवार छनौट गरी नियुक्तिका लागी सिफारिस गरिनेछ । यसको सूचना टाँस गरी सार्वजनिक गर्नुपर्ने छ ।

**८. परीक्षा संचालनः** क) निजि स्रोत शिक्षक छनौटमा खटिएका शिक्षक छनौट समितिका पदाधिकारी , कर्मचारीले प्रचलित कानून बमोजिम परीक्षा संचालित गर्नुपर्ने छ ।

ख) परीक्षामा खटिने समितिका पदाधिकारी,कर्मचारी,बिषय बिज्ञ लगायतले प्रचलित नियमानुसार भत्ता पाउने छन ।

ग) परीक्षा भवन तथा परिसरमा खटिएका कर्मचारी,शिक्षक छनौट समितिका पदाधिकारी बाहेक अन्य कसैलाई प्रवेश गर्न अनुमती दिईने छैन ।

घ) परीक्षा संचालित हुनुपूर्व छनौट समितिको बैठक राखी परीक्षा संचालन सम्बन्धी मापदण्ड र आचार सहिता तयार गरि कार्यान्वयन सम्बन्धी अभिमुखिकरण गर्नु पर्ने छ ।

ङ) शिक्षा शाखाको प्रतिनिधिको रोहबरमा उत्तरपुस्तिमा कोडिङ डिकोडिङ काम गराउने र निजकै रोहबरमा परीक्षा केन्द्रभित्र बिषयबिज्ञबाट उत्तरपुस्तिका परीषण र आवश्यकता अनुसार सम्परीक्षणको काम गराईनेछ ।

च) सम्बन्धीत बिध्यालयको शिक्षकलाई यस समितिको सदस्य र बिषयबिज्ञको रुपमा समाबेश गरिने छैन ।

छ) शिक्षक छनौट सम्बन्धी सम्पूर्ण निर्णयहरु निर्णय पुस्तिकामा अनिबार्य रुपमा लेखिएको हुनुपर्ने छ ।

ज) गाउकार्यपालिकाबाट स्विकृत यस कार्यबिधिलाई बिध्यालय र शिक्षक छनौट समितिले पूर्ण रुपमा पालना गर्नु पर्ने छ ।

झ) परीक्षा संचालनमा लाग्ने सम्पूर्ण खर्चको ब्यवस्थापन सम्बन्धीत बिध्यालयले गनुपर्ने छ ।

## परिच्छेद ६
## सेवा शर्त तथा सुबिधा

**९. निजि स्रोत शिक्षकको सेवा शर्त तथा सुबिधाः यस कार्यबिधि अनुसार नियुक्त निजि स्रोत शिक्षकको सेवा शर्त तथा सुबिधा देहाय बमोजिम हुनेछ :**

क) शिक्षक छनौट समितिको सिफारिसमा बिध्यालय ब्यवस्थापन समितिले बढीमा एक शैक्षिकशत्रका लागी निजि स्रोत शिक्षकको करार नियुक्त गर्नेछ । यसरी गरिएको नियुक्ति गाउँपालिकाबाट समर्थन गरिएको हुनुपर्ने छ ।